# श्री जुरपानी सामुदायिक वन उपभोक्ता समूह

## राजपुर–६ अडबरुवानाका, दाङ

# बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८२।०२।१० गते

श्री जुरपानी सामुदायिक वन उपभोक्ता समूह राजपुर गाउँपालिका–६ अडबरुवानाका, दाङको वनबाट उत्पादन भई राजपुर गाउँपालिका–६ अडबरुवानाका, दाङ घाटगद्दीमा लट बनाई राखिएको जंगली सिसौ, असना, कर्मा र खयर जातहरुको गोलिया थान १५९ को ४६७.६४ घ.फि. काठ र अन्य मिश्रित जातको दाउरा ०.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारीको लागि अनुरोध छ ।

अध्यक्ष